# ✓ बैठक नं. ८३

आज मिति २०७८ मंसिर २२ गते बुधबारका दिन यस देवचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ८३ औ कार्यपालिका बैठक बस्यो ।

**उपस्थिती**

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | [signature] |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | [signature] |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | [signature] |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | [signature] |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | [signature] |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | [signature] |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | [signature] |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | [signature] |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | [signature] |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | [signature] |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | [signature] |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | [signature] |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | [signature] |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | [signature] |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | [signature] |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | [signature] |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | [signature] |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | [signature] |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | [signature] |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | [signature] |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | — |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | [signature] |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | [signature] |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | [signature] |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | [signature] |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | [signature] |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | [signature] |

Scanned with CamScanner

अन्य उपस्थिती

१. राम प्रसाद शर्मा, नगर शिक्षा प्रमुख, शिक्षा तथा खेलकुद विकास शाखा
२. डिल्लाल श्रेष्ठ, अधिकृत आठौं तह प्रशासन तथा योजना शाखा
३. शिव सापकोटा, अधिकृत छैठौं तह आर्थिक विकास शाखा
४. टिकाराम बस्याल इन्जिनियर पुर्वाधार विकास शाखा
५. कृष्ण हरी सापकोटा सूचना प्रविधि अधिकृत सूचना शाखा
६. विनोद अर्याल लेखा अधिकृत आर्थिक प्रशासन शाखा
७. नरेन्द्र भण्डारी सहायक पाँचौं कृषि विकास शाखा
८. विजय ढकाल अधिकृत छैठौं पशु सेवा शाखा
९. भुपाल लामिछाने स्वकिय सचिव, नगर प्रमुख सचिवालय
१०. राम कुमार श्रेष्ठ अ.हे.व. स्वास्थ्य शाखा
११. बिमला लम्साल अधिकृत छैठौं महिला तथा बाल बालिका शाखा

**मिति २०७८।८।२२ गतेको ८३ औं नगर कार्यपालिकाको बैठकमा छलफलका लागि प्रस्तुत गरिएका प्रस्तावहरु**

१, सार्वजनिक जग्गामा माछापालन गर्नेलाइ बहाल बिटौरी कर लगाउने सम्वन्धमा ।

२, बिभिन्न वडाबाट माग भइ आएका योजना/कार्यक्रमहरुको रकम रकमान्तर सम्वन्धमा

३, कर्मचारी वढुवाको कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा ।

४, बोटे माझी मुसहर बस्तीमा कोभिड भ्याक्सीन संचालन गर्ने सम्बन्धमा ।

५, वडा नं १ र ३ को संयुक्त वडा कार्यालय संचालन/व्यवस्थापनको लागि जग्गा खरिद सम्वन्धमा ।

६, नवीकरणीय/बैकल्पिक उर्जाको रकम कार्यान्वयन गर्ने सम्वन्धमा ।

Scanned with CamScanner

देवचुली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बि.सु.पू.)
गण्डकी प्रदेश

# मिति २०७८।८।२२ गतेको ८३ औं नगर कार्यपालिकाको बैठकमा छलफल गरी निर्णय भएका बिषयहरु

निर्णय नं. १,

प्रस्ताव नं १ उपर छलफल गर्दा विभिन्न वडा क्षेत्रमा कसैको हक भोग नभइ विगत समयदेखि नै सोही परिवारबाट कमोदगरी आएको सार्वजनिक जग्गामा यस अघि नै व्यवसायिक रुपले माछापालन गरेका व्यक्तिहरुका हकमा त्यस्ता माछापालन व्यवसाय दर्ता गरी सार्वजनिक जग्गाको बहाल बिटौरी कर सम्वन्धमा देवचुली नगरपालिकाको आर्थिक ऐन २०७८ मा व्यवस्था हुन छुट भएको देखिएकोले त्यस्ता जग्गामा यस अघि देखि नै माछापालन गर्ने व्यवसायीहरुले व्यवसाय दर्ता गर्न माग भइ आएमा त्यस्ता व्यवसाय दर्ता गरी प्रति कठ्ठा रु, ३००।- तीन सय रुपैयाका दरले बहाल विटौरी कर वापतको रकम असुल गर्ने निर्णय गरियो ।

निर्णय नं. २,

प्रस्ताव नं २ उपर छलफल गर्दा नगर सभाबाट स्वीकृत भएका विभिन्न योजना/कार्यक्रमहरु विशेष कारणले साविक अनुसार संचालन हुन नसकी ती योजना/कार्यक्रमहरु परिवर्तन गरी संचालनमा ल्याउन आवश्यक परेको भनी सम्वन्धित वडा कार्यालयहरुबाट रकमान्तर/संशोधन माग भइ आएकोले आगामी नगर सभाबाट समर्थन गर्ने गरी माग बमोजिमका निम्नानुसारका योजना/कार्यक्रमहरुको रकम रकमान्तर तथा संशोधन गर्ने निर्णय गरियो ।

(क) देवचुली नगरपालिका वडा नं. २ को (सि.नं.२२४) विपद व्यवस्थापन कोषमा विनियोजित रकम मध्येबाट रु, १ लाख ५० हजार रुपैया जेष्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरुको सम्मान कार्यक्रम संचालनका लागि संशोधन माग भइ आएकोले माग बमोजिम कार्यक्रम संचालन गर्न स्वीकृति दिने ।

(ख) देवचुली नगरपालिका वडा नं. १ को (सि.नं.२०७) सिसवार बोटेमाझि सामुदायिक होमस्टे सांस्कृतिक भवन कम्पाउण्डवालमा विनियोजित रकम रु, २ लाखबाट सोही भवनमा ग्रील र सटर राख्नेगरी संशोधन माग भइ आएकोले सोही अनुसार कार्य संचालन गर्ने स्वीकृति दिने ।

(ग) देवचुली नगरपालिका वडा नं. ४ को (सि.नं.११४) परानपुर चोक देखि पूर्वतर्फ जाने बाटो कालोपत्रे शीर्षकमा विनियोजित रकम रु, ५ लाखबाट सो बाटो कालोपत्रे गर्ने कार्य हुन सक्ने अवस्था नदेखिएकोले उक्त कार्य परिवर्तन गरी परानपुरचोक देखि पूर्वतर्फ जाने बाटो स्तरउन्ती गर्ने गरी संशोधन माग भइ आएकोले सोही अनुसार योजना कार्यान्वयन गर्न स्वीकृति दिने ।

(घ) देवचुली नगरपालिका वडा नं. ५ को (सि.नं.२८७) कदमपुर देखि मृत्यूङ्ग बन्दिपुर मूल बाटो स्तरोन्नतीका लागि विनियोजित रकम रु, ६ लाख ५० हजार मध्येबाट १ लाख रुपैया कटौती गरी बन्दिपुर अविशेक चर्चको घडेरी सम्याउने कार्य संचालनका लागि सम्वन्धित वडा कार्यलयबाट माग भइ आएकोले सोही अनुसार कार्य संचालन गर्न स्वीकृति दिने ।

गोविन्द रिमेल
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. ३,**

प्रस्ताव नं ३ उपर छलफल गर्दा साविक स्थानीय निकायले नियुक्ति गरेका स्थायी कर्मचारीहरुको बढुवा गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७८ बमोजिम हाल यस नगरपालिका वा अन्तरगत निकायमा कार्यरत कर्मचारीहरुको बढुवा गर्ने प्रयोजनका लागि विधान समितिबाट दफावार छलफल भइ सिफारिस भइ आएको स्थानीय सेवा समूहका कर्मचारीहरुको बढुवा/स्तरबृद्धि तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७८ लाई स्वीकृत गरी ऐन तथा कार्यविधिमा व्यवस्था भए बमोजिम बढुवा/स्तर बृद्धि सम्वन्धी प्रकृया अगाडि वढाउनका लागि निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४,**

प्रस्ताव नं ४ उपर छलफल गर्दा विश्वव्यपि रुपमा फैलिएको कोभिड महामारीबाट प्रभावित यस नगरपालिका क्षेत्रका सवै नगरवासीहरुलाइ कोभिड विरुद्धको भ्याक्सीन उपलव्ध गराउदा गराउदै पनि यस नगरपालिका अन्तरगतका बोटे माझि मुहर वस्तीहरुमा कोभिड विरुद्धको भ्याक्सीन लगाउन आलटाल गरी कतिपय व्यक्तिहरुले भ्याक्सीन नलगाएको भन्ने जानकारी प्राप्त हुन आएकोले उक्त क्षेत्रमा अनिवार्य रुपले कोभिड विरुद्धको भ्याक्सीन लगाउन सम्वन्धित वडा अध्यक्षसंगको समन्वय तथा स्वास्थ्य शाखाको सक्रियतामा भ्याक्सीन लगाउन छुटेका सवै नगरवासीहरुलाइ यथा सक्य छिटा अनिवार्य रुपले कोभिड विरुद्धको भ्याक्सीन लगाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ५,**

प्रस्ताव नं ५ उपर छलफल गर्दा साविक दिव्यपुरी गा.वि.स.भवन (हाल देवचुली न.पा. वडा नं. १ र ३ को संयुक्त वडा कार्यालय भवनको पहुंच/व्यवस्थापनका लागि दुवै तर्फ नेपाल मा.वि.को आवादी जग्गा रहेकोमा उक्त विद्यालयले विद्यालय हाता घेरवार गरी सुरक्षाको व्यवस्था मिलाउने सिलासिलामा सो वडा कार्यालयसम्मको पहुंचका लागि सो कार्यालय रहेको स्थान देखि पश्चिम तर्फको अधिकतम ७ धुर सम्मको आवादी जग्गा खरिद गरी वडा कार्यालयको निकास/ व्यवस्थापन गर्न अति आवश्यक देखिएकोले नगरपालिकाको आन्तरिक स्रोतबाट उक्त जग्गा खरिद प्रकृयाको सहमतीका लागि सम्वन्धित निकायमा अनुरोध गरी सो प्रकृया अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं ६,**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा चालु आ.व. का लागि यस नगरपालिका क्षेत्रका लागि विनियोजित नवीकरणीय/बैकल्पिक उर्जा शीर्षकमा बिनियोजित शसर्त अनुदान रकम मध्ये गोवर ग्यास प्लाण्ट निर्माणका लागि कोही कसैले माग गरेको अवस्थामा बाहेक अन्य रकम हाल नगरपालिका क्षेत्रमा चालु अवस्थामा नरहेका सोलार सडक वत्ती मर्मत तथा आवश्यक स्थानमा स्थानान्तरण कार्यमा उपयोग गर्ने निर्णय गरियो ।

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner